*Reg. No. 681* *SWC Aff. No. 15556*

**दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :**

# राष्ट्रिय दलित नेटवर्क नेपाल

# Rastriya Dalit Network (RDN) Nepal

**केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं**

**विषय : प्रेस विज्ञप्ति ।**

नेपाली जनताको ६ दशकदेखिको आफ्नो संविधान आफै लेख्ने आकांक्षामाथि मिति २०६८ जेष्ठ १४ गतेको नेपाल सरकार तथा प्रमुख राजनीतिक दलहरुको अकर्मन्यता तथा गैरजिम्मेवारीका कारण ऐतिहासिक संविधान सभा तथा व्यवस्थापिका संसदको हठातमा विघटन हुनुले राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल स्तब्ध तथा दु:खी भएको छ । यस घट्नाले नयाँ संविधानमा युगौंदेखि जातीय छुवाछूत र विभेदको क्षेतिपूर्ति सहित वैज्ञानिक आरक्षण प्राप्त गर्ने अवसर दलित समुदाय लगायत नेपालका बहिष्कृत समुदायले गुमाएका छन । साथै ऐतिहासिक जनआन्दोलन २०६२/६३ को अभिमत, बिस्तृत शान्ति संझौता र नेपालको अन्तरिम संविधान २०६३ को व्यवस्था विपरित नेपाल सरकारद्धारा चालिएको यस असंवैधानिक कदमको राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल विरोध तथा भ्रर्त्सना गर्दछ ।

राष्ट्रिय सहमतिका आधारमा आवश्यक प्रक्रिया पूरा गरी हालसम्म सहमति भएका बुंदाहरु समावेश गरेर संविधान जारी गर्न सकिन्थ्यो । यदि संविधान जारी गर्न नसक्ने अवस्था भएमा संविधान सभाको अवधि रहदै आगामी संविधानको अभिन्न अंग बन्ने गरी सम्पूर्ण मुद्दाहरु संवोधन गर्ने प्रतिबद्धता सहित **संविधान सभा घोषणा पत्र** जारी गरेर जनआन्दोलन, जनादेश तथा आमजनसमुदायको आशा र भरोशाको केन्द्र एक मात्र जननिर्वाचित निकायलाई निरन्तरता दिन सकिन्थ्यो तर उक्त संभावनालाई पूर्णत: उपेक्षा गरी राष्ट्रिय सहमति विना नै संविधानसभा भंग गर्ने र निर्वाचनको मिति तोक्ने काम गरेको छ ।

एक मात्र जननिर्वाचित निकायको विघटन हुंदा मुलुकको उत्पन्न गम्भिर परिस्थितिमा सहभागिता सहितको राष्ट्रिय एकता, समानता सहितको सामाजिक सद्भाव र सामाजिक न्याय सहितको मानवअधिकारको प्रत्याभूति गर्न र राष्ट्रलाई लोकतन्त्र र अग्रगमनको बाटोमा अघि बढाउनका लागि एकताबद्ध भएर राष्ट्रिय सहमतिको सरकार गठनका लागि अविलम्ब संवादको थालनी गर्न सम्पूर्ण राजनीतिक दलहरुलाई आह्वान गर्दछौं । साथै, मुलुकमा उत्पन्न हुने जस्तासुकै अप्ठेरा परिस्थितिमा पनि सजग रहन र शान्तिपूर्ण जनआन्दोलनका ऐतिहासिक उपलब्धिलाई संस्थागत गर्न सके मात्र दलित अधिकार सुनिश्चित हुने ऐतिहासिक तथ्यलाई आत्मसात गर्दै आफ्नो तर्फबाट नागरिक कर्तव्य पूरा गर्न सिंगो दलित आन्दोलन, दलित नागरिक समाज तथा आमदलित समुदायलाई आव्हान गर्दै जस्तोसुकै परिस्थिति आएपनि लोकतन्त्र र अग्रगमनको पक्षमा खरो उत्रने प्रतिबद्धता RDN नेपालका तर्फबाट यसै प्रेस विज्ञप्ति मार्फत अवगत गराउन चाहन्छौं ।

**गणेश वि.के.**
**केन्द्रीय अध्यक्ष**